धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ५३ ◆ २०८३ भदौ २४ बुधबार ◆ Wednesday, September 9, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## प्रधानमन्त्री राहत कोषमा पौने १२ अर्ब

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । प्रधानमन्त्री राहत कोषमा करिब रु १२ अर्ब जम्मा भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार मङ्गलबार बिहान ९:०० बजेसम्म प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा रु ११ अर्ब ७७ करोड ६७ लाख ५० हजार २६१ जम्मा भएको हो । अहिले नौ वटा वाणिज्य बैङ्कमा रु आठ अर्ब ५९ करोड १९ लाख चार हजार २२३ मौज्दात छ । राहत कोषमा जम्मा भएको रकमबाट यसअघि रु एक अर्ब रसुवाका बाढीपीडितका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नाममा निकासा भइसकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

यसैगरी, हिमालयन बैङ्क लिमिटेड र लक्ष्मी सनराइज बैङ्क लिमिटेडमा रहेको डलर खातामा रु दुई करोड ११ लाख आठ हजार ४७१ जम्मा भएको पनि कार्यालयले जनाएको छ ।

## पुरुष क्रिकेटः नेपाल हङकङसँग पराजित

काठमाडौं । मलेसियामा जारी एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिता अन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा मंगलबार नेपाल हङकङसँग १५ रनले पराजित भएको छ ।

जितको लागि हङकङले दिएको २६२ रनको लक्ष्य पछ्याएको नेपाल ४९ दशमलव १ ओभरमा सबै विकेट गुमाउदै २४६ रनमा समेटियो । नेपालका लागि इशान पान्डेले सर्वाधिक ९० रन बनाए ।

उनले १०६ बलमा ६ चौका र दुई छक्का प्रहार गर्दै ९० रनको योगदान गरेका हुन । त्यसैगरी आसिफ शेखले ४४, दिपेन्द्रसिंह ऐरीले २५, करण केसीले २१ तथा गुल्शन झाले २० रन बनाए । बलिङतर्फ हङकङका लागि एहजाज खानले ४ विकेट लिए । त्यस्तै यासिम मुर्तजाले २ विकेट लिँदा किन्चित शाह, नसरुल्ला राना र अतिक इक्बालले समान १/१ विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको हङकङले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर २६१ रनको योगफल बनाएको थियो । उसका लागि बाबर हायातले १२७ बलमा ७ चौका र ७ छक्काको सहयोगमा ११७ रनको योगदान दिएका हुन । त्यस्तै एहसान ३५ रनमा अविजित रहँदा शाहिद वासिफले ४५ रन बनाए ।

नेपालका लागि कप्तान सन्दीप लामिछानेले ४ विकेट लिए भने शेर मल्लले ३ विकेट लिए । जितसँगै हङकङ प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ ।

## ठमेलमा शङ्कास्पद गतिविधि गरेको अभियोगमा दश बङ्गलादेशी पक्राउ



काठमाडौं । ठमेल क्षेत्रमा गैरकानुनी रूपमा बसोबास गरी शंकास्पद गतिविधिमा सङ्लग्न रहेको अभियोगमा प्रहरीले १० जना बङ्गलादेशी नागरिकलाई पक्राउ गरेको छ । काठमाडौं महानगर पालिका-२६ स्थित ठमेल क्षेत्रका विभिन्न होटल तथा गेष्टहाउसमा गैरकानुनी रूपमा बसोबास र शङ्कास्पद गतिविधि गरिरहेको पाइएकाले प्रहरीले नियन्त्रणमा लिइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक शरतकुमार थापा क्षेत्रीले बताउनुभयो । प्रहरीका अनुसार पक्राउ पर्नेमा बङ्गलादेशको गाजीपुर, पुलिस स्टेशन गदबपुर घर भई ठमेल बस्ने ४६ वर्षीय फहिमा अक्तार हसन, ४८ वर्षीय महामुद, ४५ वर्षीय महबूब हसन, ४९ वर्षीय रेपोन मेहमूद, ३० वर्षीय एमडी-केरामोत अलीखान, ३० वर्षीय साहिदुर रहमान, ५० वर्षीय एमडी खलिलुर रहमान, २८ वर्षीय आरिफुर रहमान, ४२ वर्षीय एमडी मारुफ मृधा र ६४ वर्षीय मोहम्मद हनिफ मियाँ छन् ।

प्रहरीले उनीहरूलाई होटल ढाका एक्सप्रेस, होटल डि भेढा र होटल अलरहमानलगायतका स्थानबाट नियन्त्रणमा लिइएको जनाएको छ । प्रहरीका अनुसार पक्राउ परेका सबैलाई थप अनुसन्धान तथा आवश्यक कारवाही का लागि अध्यागमन विभाग पठाइएको छ ।

# पृथ्वी राजमार्ग अवरुद्ध : पर्यटक बस सञ्चालनमा समस्या

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । कृष्णभीरमा बाटो अवरुद्ध हुँदा पर्यटक बस सञ्चालन मा समस्या परेको छ । रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण तल्लो भाग कटान हुँदा भदौ १३ गतेदेखि पृथ्वी राजमार्ग बन्द भएको छ । पर्यटकीय गन्तव्य पोखरा, चितवनको सौराहा, लुम्बिनी लगायतका क्षेत्रमा जाने पर्यटक बस सोही राजमार्ग भएर आवतजावत गर्ने गरेकोमा विगत १४ दिनदेखि काठमाडौं, पोखरा, चितवन र लुम्बिनीमा रोकिएका छन् ।

पर्यटक बस एसोसियसन अफ नेपाल (टिवान) का अध्यक्ष भीष्मप्रसाद न्यौपाने कृष्णभीरको पहिरोले पृथ्वी राजमार्ग अवरुद्ध हुँदा पर्यटक बस आवतजावतमा समस्या परेको बताउनुहुन्छ । "राजधानी प्रवेश गर्ने प्रमुख राजमार्ग अवरुद्ध हुँदा पर्यटक बस सञ्चालन हुन सकेका छैनन्, यसको प्रत्यक्ष मार पर्यटक र हामी व्यवसायीमा परेको छ", अध्यक्ष न्यौपाने भन्नुहुन्छ ।

चितवन-हेटौंडा-फर्पिङ हुँदै साना पर्यटक बस फाट्टफुट्ट सञ्चालन भए पनि ठूला सवारी साधन भने लामो समयदेखि रोकिएकाले पर्यटक व्यवसायी तथा मजदुर मर्कामा परेका छन् । "पर्यटक बस ठूला छन्, सानो बाटोमा सञ्चालन गर्दा घुम्ती पुग्दैन, त्यसैले सञ्चालन गर्न पाएका छैनौं", उहाँ भन्नुहुन्छ । राजमार्ग अवरुद्ध भएर पर्यटक बसलगायतका सार्वजनिक सवारी साधन आवागमनमा प्रभावित भइरहेका बेला हवाई यात्रुको चाप बढेको छ । कृष्णभीरमा सडक अवरुद्ध भएपछि चितवनबाट मकवानपुर हुँदै काठमाडौं आउने वैकल्पिक सडक प्रयोग गर्न सकिन्छ । तर वर्षायाममा सडकको अवस्था असहज रहेकाले यात्रुले हवाई यात्रालाई प्राथमिकता दिने गरेका छन् । पृथ्वी राजमार्ग बन्द हुँदा चितवनको भरतपुर र कास्कीको पोखरा विमानस्थलबाट हवाई यात्रुको चाप बढेको छ । काठमाडौं बाट पोखराका लागि दैनिक छ उडान भर्दै आएको यती एयरलाइन्स ले पृथ्वी राजमार्ग अवरुद्ध भएर यात्रुको चाप बढेसँगै दैनिक उडान सङ्ख्या थप गरेको छ ।

यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौला कृष्णभीरको पहिरोका कारण बाटो अवरुद्ध हुँदा अधिकांश यात्रुको रोजाई हवाइजहाज भएको बताउनुहुन्छ । "भोटेकोशी बाढी अगाडिको तुलनामा त्यसपछिको दिनमा हवाइजहाजमार्फत काठमाडौं बाट पोखरा जाने यात्रुको सङ्ख्यामा ५० प्रतिशत बढेको छ", प्रवक्ता बर्तौला भन्नुहुन्छ । यती एयरलाइन्स ले बाढी अगाडि दैनिक पोखरा छ उडान भर्दै आएकोमा त्यसपछि भने उडानको सङ्ख्या दैनिक १० बनाएको प्रवक्ता बर्तौला बताउनुहुन्छ । हवाइजहाज मार्फत चितवनको भरतपुरबाट काठमाडौं आउने तथा काठमाडौंबाट भरतपुर जाने यात्रुको सङ्ख्यासमेत बढेको छ । भरतपुरबाट काठमाडौंका लागि बुद्ध एयरका जहाज सञ्चालन हुँदै आएका छन् । बुद्ध एयर भरतपुर कार्यालयका प्रमुख भक्तबहादुर बस्नेतका अनुसार सामान्य अवस्थामा दैनिक पाँच उडान हुँदै आएको छ ।

हाल काठमाडौंबाट भरतपुर दैनिक ९ देखि ११ उडान हुँदै आएका छन् । भरतपुरमा चितवनसहित नवलपरासी, गोरखा, तनहुँ, लमजुङ र मकवानपुरबाट समेत यात्रु आउने गरेका छन् । बाढीले क्षति पुर्याएको कृष्णभीर सडकखण्डमा भने नयाँ ट्र्याक खोल्ने काम तीव्र गतिमा भइरहेको छ । मलेखु-मुग्लिङ सडकखण्डका सहायक आवासीय इन्जिनियर अशोक देवकोटा दिनरात नभनी नयाँ ट्र्याक खन्ने काम भइरहेको बताउनुहुन्छ ।

## एक सय ६२ किलो गाँजासहित मकवानपुरबाट दुई जना पक्राउ

हेटौंडा । मकवानपुरको मनहरी गाउँपालिका-९ खरङ्गामा राक्सिराङ को भावर हुँदै आउँदै गरेको सवारी साधनबाट १६२ किलो ७९४ ग्राम अवैध लागुऔषध गाँजासहित दुई जना पक्राउ परेका छन् ।

खरङ्गातर्फ आउँदै गरेको बा प्र ०१-०२५ च ०८७७ नम्बरको सवारी साधन (कार) लाई ग२च ६१५ नम्बरको अर्को सवारी साधन (पिकअप) गाडीले 'स्कटिङ' गर्दै ल्याइरहेको अवस्थामा इलाका प्रहरी कार्यालय मनहरीले गाँजासहित दुई जनालाई पक्राउ गरेको हो । कारको सिटमुनि लुकाएर ल्याएको अवस्था को १३ पोका गाँजा फेला पारिएको जिल्ला प्रहरी कार्यालय मकवानपुर का प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिनुभयो ।

स्कटिङ गर्दै आएको पिकअप गाडी भाग्न खोज्दा प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा कार चालक चितवनको माडी नगरपालिका-५ धोवाहा बस्ने ५६ वर्षका देवनारायण महतो र पिकअप चालक चितवनको भरतपुर महानगरपालिका २४ बस्ने ४८ वर्षका टेकबहादुर दोङ रहेका छन् । "विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय मनहरीको टोलीले १६२ किलो गाँजासहित दुई वटा गाडी र चालकलाई नियन्त्रणमा लिएको हो", प्रहरी नायब उपरीक्षक काफ्लेले भन्नुभयो । गाँजासहित पक्राउ परेका दुवैजनामाथि थप अनुसन्धान अघि बढाइएको बताउनुभयो ।

## तुइन खोलामा जोखिमपूर्ण ढिस्को भत्काइँदै

चितवन । नारायणगढ-मुग्लिन सडकखण्डको तुइन खोलामा रहेको डाँडाको जोखिमपूर्ण ढिस्का मंगलबार पनि भत्काउन सुरु गरिएको छ । सवारीसाधन आंशिक रुपमा रोकेर सोमबारदेखि झार्न सुरु गरिएकोमा मंगलबार 'ब्याक ह्याम्बर'को प्रयोग गरेर ढिस्का खसालिँदै छ । डिभिजन सडक कार्यालय चितवनका इन्जिनियर अर्जुन घिमिरेका अनुसार आज बिहानदेखि सडक रोकिएको समयमा गलले झर्न लागेका ढिस्का झार्न थालिएको हो । सोमबार दिनभर गलको सहायताले ढिस्का झारिएको थियो । आजदेखि ब्याक ह्याम्बरको सहायताले ढिस्का झारिने छ । छ वटा ती उपकरण परिचालन गरिँदै छ ।

## रसुवा बाढीमा बेपत्ता दमाई परिवारको भविष्य अन्यौलमा

❑ *प्रत्यूष समाचारदाता*

राँझा । नेपालगञ्ज-२० का आराम दमाई र उजना दमाइ रसुवा बाढीमा परी बेपत्ता भएपछि उहाँको परिवार सहाराविहीन भएको छ । बाढी गएको १४ दिन बितिसक्दा समेत छोराहरु १६ वर्षीय सुभाष नेपाली र ११ वर्षीय अश्विन तथा नौ वर्षीया छोरी स्मारिका आमा-बुवा फर्किने आशमा छन् ।

सञ्चार माध्यममा यति दिनपछि बाढीमा फसेका यति जनालाई उद्धार गरियो भन्ने समाचार आउँदा उनीहरुलाई पनि आफ्ना मातापिताको पनि यसरी नै उद्धार भयो कि भन्ने विषयले झस्काइ रहन्छ । यता उति हेर्ने र टोलाइ रहने उनीहरुको अहिले दैनिकी बनेको छ । रसुवामा परी दमाई दम्पतिको निधनले कलिला उमेरका छोराछोरीको जीवन अँध्यारो सुरुङभित्र फसेको जस्तो भएको छ । उहाँहरु तीनै सन्तानको शिक्षा, दीक्षा र उज्ज्वल भविष्यका लागि सङ्घर्ष गर्ने क्रममा रसुवामा पुग्नुभएको थियो ।

बाजुराको हिमाली गाउँपालिकाबाट नेपालगञ्ज को मनिकापुरस्थित थपुवामा बसाइँ सरेका दमाई परिवारका लागि हन्डर र सङ्घर्ष नयाँ थिएनन् । सन्तानले आफूले जस्तो दुःख नपाऊन् भनी छोराछोरीलाई काठमाडौं राखेर पढाउने सपना लिएर रसुवा भन्सार कार्यालयको टिमुरेस्थित पार्किङमा मजदुरी गर्दै आउनुभएको थियो । दमाई दम्पतिले काममाडौंमा कक्षा ९ मा पढ्ने सुभाष, कक्षा ६ मा अश्विन र कक्षा ४ मा स्मारिका उज्ज्वल भविष्यको जग बसाल्दै थियो । "आमा-बुवाले रसुवाबाट दुःख गरेर पैसा पठाइदिनुहुन्थ्यो, हामी यहाँ पढ्थ्यौं", छोरा सुभाषले भन्नुभयो, "अहिले बाढीले बाआमा दुवै जनालाई बेपत्ता बनाएको यतिका दिन भयो अत्तोपत्तो छैन, हामी सहाराविहीन भयौं । अब हाम्रो टाउकोमा हात राख्ने कोही छैन ।"

काठमाडौंको बिरानो सहरमा खाने, बस्ने र पढ्ने सहारा नै खोसिएपछि ती बालबालिका अहिले पूर्ण रूपमा असहाय बनेका छन् । आफूहरुको पढाइ र भविष्यबारे कोही कतैबाट सान्त्वना र सहयोग नपाएपछि काठमाडौंको बसाइ छाडेर नेपालगञ्ज फर्किने तयारीमा रहेको सुभाषले राससलाई बताउनुभयो । काठमाडौंमा हालसम्म आफूहरुलाइ बस्ने खाने र पढाइ खर्च पठाउने आमा-बुवा नै बेपत्ता भएपछि अब भाई बहिनीलाई कसरी पढाउने र घरपरिवार कसरी चलाउने भन्ने चिन्ता सुभाषलाइ परेको छ ।

उक्त बाढीमा परी दमाई दम्पतिसगै थपुवा गाउँका शेरसिंह रोकाय, विष्णुमती रोकाय र दीपक रोकाय बेपत्ता रहेको नेपालगञ्ज उपमहानगरपालिका-२० कार्य-वाहक वडाध्यक्ष चक्रबहादुर बुढाले बताउनुभयो ।

सो क्रममा उहाँले बेपत्ता व्यक्तिहरुको खोजी कार्य र बेपत्ता व्यक्तिका परिवारलाई आवश्यक सहयोग र समन्वयको लागि आफूले काम गर्दै आएको जानकारी दिँदै बेपत्ता हुनुभएका आराम र उजनाको छोरा छोरीलाई सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो ।

सम्पादकीय ....

## जेनजी आन्दोलनको एक वर्ष

सुशासन, रोजगार र अवसरको खोजीसँगै युवा पुस्ताको सङ्घर्षले भएको जेनजी आन्दोलनको एक वर्ष पूरा भएको छ । स्वदेशमै रोजगारको सिर्जना गर्ने र वैदेशिक रोजगारभन्दा आन्तरिक रोजगारमा आत्मनिर्भर हुने युवा पुस्ता आकांक्षा बढ्दो छ । युवा अपेक्षाको जिम्मेवारीमा रहेको युवा, श्रम तथा रोजगार मन्त्रालयले एक वर्षमा के कति उद्देश्य हासिल गर्न सक्यो ? समीक्षा गर्ने बेला आएको छ ।

एक वर्षे अवधिका महत्त्वपूर्ण कार्य सम्पादनको मूल्याङ्कन गर्दा मुख्य तीन विषयमा केन्द्रीत हुन सकिन्छ । आन्तरिक रोजगार सिर्जना गर्ने, नीतिगत एवं कानुनी सुधारमा जोड दिने र अर्को तथा अन्तिम हो सेवा प्रवाहलाई डिजीटाइजेसन गर्ने । एक वर्षमा यस मन्त्रालयमा दुई मन्त्री फेरिए ।

युवालाई उद्यमशील बनाउने उद्देश्यले ७५३ वटै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी बनाउने काम अघि बढाइएको छ । रोजगार सूचना तथा उद्यमशीलता विकासका लागि 'उद्यमशीलता केन्द्र विकास' सम्बन्धी कार्यविधिसमेत तयार गरिएको मन्त्रालयले जनाएको छ । रोजगार, सीप तथा उद्यमशीलतासम्बन्धी सेवा डिजिटाइजेसन गरी एकीकृतरूपमा प्रवाह गर्ने उद्देश्यले रोजगार व्यवस्थापन सूचना प्रणाली (इएमआइएस) को स्तरोन्नति गरिएको छ । त्यस्तै मन्त्रालयले निजी क्षेत्र र रोजगार सेवा केन्द्रबीच सहकार्य बढाउने उद्देश्यले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) र नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसिसिआई) को सहकार्यमा 'स्ट्राटेजी फर प्राइभेट सेक्टर इङ्गेजमेन्ट विथ इम्प्लोयमेन्ट सर्भिस सेन्टर' तयार गरिएको छ ।

देशभित्र मर्यादित श्रम, आन्तरिक रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन, सुरक्षित र व्यवस्थित वैदेशिक रोजगार तथा सीपयुक्त जनशक्ति विकासलाई एकीकृत रूपमा अघि बढाउने नीति लिइएको छ । श्रममन्त्री यादवको अध्यक्षतामा आइएलओ, विश्व बैंक, एसियाली विकास बैंक (एडिबी), अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम) लगायतका प्रतिनिधिसँग हालै बसेको बैठकमा भोटेकोशी नदीमा आएको बाढीपश्चात प्रभावित क्षेत्रमा तत्काल राहत, पुनर्निर्माण तथा रोजगारीका अवसर सिर्जना गर्ने कार्य योजना बनेको मन्त्रालयले जनाएको छ ।

विपद् प्रभावित श्रमिक, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा स्थानीय समुदायलाई लक्षित गरी द्रुत रोजगार सहायता कार्यक्रम सञ्चालन गर्ने खाका तयार पारिएको मन्त्रालयले उल्लेख गरेको छ । त्यस्तै, प्रभावित क्षेत्रको पुनर्निर्माणको लागि आवश्यक सीप विकास तालिम सञ्चालन गर्ने, प्रभावित परिवारका लागि अल्पकालीन रोजगारी सिर्जना गर्ने तथा जीविकोपार्जनलाई सुरक्षित र उत्पादनशील बनाउने विषयमा जोड दिइएको छ ।

सरकार गठनसँगै तय गरिएको प्रशासकीय सुधारको कार्ययोजनामा सुशासन र डिजिटाइजेसनलाई प्राथमिकतामा राखिएपछि मन्त्रालयले मातहतका निकायमा प्रविधिको प्रयोग विस्तार गर्दै सेवा प्रवाहलाई सरल, पारदर्शी र प्रभावकारी बनाउने काम अघि बढाएको हो । मन्त्रालयका अनुसार विगतमा पटक-पटक श्रम स्वीकृति लिनुपर्ने झन्झट हटाउँदै श्रम स्वीकृति स्वतः नवीकरण हुने व्यवस्था सुरु गरिएको छ ।

# भोटेकोशीमा बाढीः वीरबहादुरको एक कलले बचायो करिब ३० परिवारलाई

विक्रम गिरी

माइक्रोबसबाट यात्रु झारेर वीरबहादुर गुरुङ सडक छेउको एउटा चिया पसलमा पस्नुभयो । एक्कासी ठूलोठूलो आवाज उहाँको कानमा आएर ठोक्कियो । यसो बाहिर आएर स्याँफ्रुबेँसीतर्फ के हेर्नुभएको थियो उहाँको होस हवास नै उड्यो । उहाँले जीवनमा कहिल्यै नदेखेको दृश्य देख्नुभयो । भोटेकोशीको बाढीले आकाशै छुन लागेको जस्तो वीरबहादुरलाई आभास भयो । त्यही बाढीको गड्गडाहटले रसुवा सदरमुकाम धुन्चेलाई थर्कमान बनाएको थियो ।

"भोटेकोशीमा बाढी यति धेरै आएको थियो की पाँच दश-मिनेट मैले केही सोच्नै सकिन", वीरबहादुरले राससँग भन्नुभयो, "एकछिनपछि त झल्यास्स सम्झिएँ, लौ मेरो जहान बच्चाहरूलाई बग्नबाट कसरी जोगाउने ।" उहाँले त्रिशूली नदीको बगरमा बसाइएको बजार नुवाकोटको विदुर नगर पालिका-१० भैँसेलाई सम्झिनुभयो । अनी भैँसेस्थित घरमा रहनुभएकी श्रीमती गङ्गालाई फोन गर्नुभयो । "श्रीमतीको फोन मरिकाटे उठ्दैन", उहाँले सम्झदै भन्नुभयो ।

वीरबहादुरलाई दिमागले काम गर्न छोडे जस्तै भयो । उहाँले तारन्तार फोन गरिरहनुभयो । श्रीमतीको फोन नउठेपछि उहाँले नौ कक्षामा पढ्दै गरेकी छोरी एविकालाई सम्झिनुभयो । उत्तरगया बोर्डिङ स्कुलमा पढ्ने एविका त्यतिबेला विद्यालय जाँदै थिइन् । उनी बुबाको फोन आएपछि बाटोबाटै पाखोतर्फ भागिन् ।

"छोरीले एक कलमै फोन उठाइन्, अनी मैले धुन्चेबाट देखिरहेको सुनिरहेको दृश्यबारे उनलाई बताएँ", वीरबहादुरले भन्नुभयो, "एक छिनपछि त श्रीमती र दाजु (रमेश) ले पनि फोन उठाउनुभयो ।" उहाँकी श्रीमती गङ्गा तामाङ गुरुङ त्यति बेला खेतमा हुनुहुन्थ्यो । उहाँ घर पुग्दासम्म रमेशले ७१ वर्षीया सासु साइली र दुई वर्षको छोरोलाई घरमाथिको पाखोमा पुर्याइसक्नु भएको थियो । वीर बहादुरको आफ्नै माइक्रोबस छ । उहाँ आफैँले त्यही माइक्रोबस बेत्रावती बाट काठकाडौँ को मार्गमा चलाउने गर्नुहुन्छ । बाढी आएको दिन भने उहाँ धार्मीकस्थल गोसाइँकुण्ड जाने १० यात्रु लगेर बिहानै धुन्चे उक्लिनुभएको थियो । उहाँका अनुसार यात्रुहरू सबै धादिङका थिए । उहाँहरूले वीरबहादुरको माइक्रो बस भाडामा लिएर त्यसतर्फ गएका थिए ।

"भाग्य बलियो रहेछ, त्यही भएर बाँचेँ", वीरबहादुरले भन्नुभयो । अरु बेला हुन्थ्यो भने उहाँको बिहानको समय काठमाडौँका लागि यात्रु खोज्नमै त्यही बेत्रावती र भैँसे वरपर बित्थ्यो । त्यसदिन गोसाइँकुण्ड जाने दर्शनार्थीका कारण वीरबहादुर बाढीको चपेटामा पर्नुभएन् । "अरु दिन हुन्थ्यो भने म मात्र होइन, परिवार नै बाढीमा बग्थ्यो", उहाँले भन्नुभयो, "धुन्चेमा भएर बेलैमा भोटेकोशीको बाढीबारे थाहा पाएँ, मेरो एक कल फोनले परिवार र छरछिमेक मात्र होइन्, टोलकै बासिन्दालाई बचाउन सकेँ ।" मानिस सुरक्षित भए पनि टोलका कुनै घर बाँकी नरहेका उहाँले बताउनुभयो । सबै भोटेकोशीको बाढीमा विलय भएका छन् ।

पाँच जनाको परिवार बाढीबाट जोगिएकामा वीरबहादुर औधी खुसी हुनुहुन्छ । उहाँले भन्नुभयो, "सम्पत्ति त फेरि फेरि पनि जोड्न सकिएला, जीवन त कहाँ पाउनु ?" श्रीमान् वीर बहादुरको फोनले धेरैको ज्यान बचाउन सकिएमा गङ्गा पनि खुसी हुनुहुन्छ । "खेतबाट निकै बेरसम्म बाढी आयो भनेर चिच्याएँ, धेरैले त सुरुआतमा विश्वासै गरेनन्", उहाँले भन्नुभयो, "टिमुरे र स्याँफ्रुबेँसी पूरै बगायो भनेपछि सबै भाग्न थाले ।" उहाँले चिन्तित हुँदै दुःखले जोडेको करिब १० तोला सुन र रु १४ लाख भने बाढीबाट जोगाउन नसकेको बताउनुभयो । उहाँले केही वर्षअघि लाखौँ रुपैयाँ खर्चेर एक तले पक्की घर बनाउनुभएको थियो । तत्काल एक तला थप्ने सोचमा हुनुहुन्थ्यो उहाँ ।

"गहना र पैसा लिएरै भाग्न खोजेको भए परिवारै बग्थ्यो", गङ्गाले भन्नुभयो, "तर, मैले त्यसलाई आफ्नो ज्यान र छोराछोरीभन्दा प्यारो ठानीन, त्यसैले त आज नयाँ जीवन पाएँ ।" गरगहना र पैसा जोगाउन खोज्दा धेरैले ज्यान गुमाएका उहाँको अनुभव छ । भैँसेमा पनि सुन र नगद घरबाट निकाल्न खोज्दा कतिलाई बाढीले बगाएको उहाँले बताउनुभयो ।

आफ्नो र वीरबहादुरको सहित १० जनाको परिवार मात्र होइन आफू बस्दै आएको टोलका करिब ३० परिवारलाई भाइको एक कलले बाढीबाट जोगाउन सकिएको दाजु रमेश गुरुङले जानकारी दिनुभयो । उहाँले भैँसेमा खानाखाजाको पसल सञ्चालन गर्दै आउनुभएको थियो ।

उहाँको व्यापार राम्रै चलेको थियो । त्यसबेला रसुवागढी नाका किनमेल गर्न, कैलाश मानसरोवर तथा गोसाइँकुण्ड तीर्थाटन गर्न जानेहरूको निकै भीडभाड थियो । रमेशलाई बिहानदेखि रातिसम्म एकछिन फुर्सद हुँदैनथ्यो ।

"पसलमा धेरै ग्राहक आएका थिए, खाना बनाउँदै थिएँ, एक्कासी भाइको फोन आयो । सबैलाई बाढी आयो भन्दै भाग्न भनेँ", रमेहले त्यो क्षण सम्झिदै भन्नुभयो, "धेरैले विश्वास नै गरेनन्, विश्वास नगर्नेहरूलाई बाढीले बगायो ।" बाढी भैँसे पुग्दासम्म रमेश चिच्याइरहनुभयो । वीर बहादुरले धुन्चेबाट फोन गरेपछि बाढी भैँसे पुग्न करिब आधा घण्टा जति लागेको उहाँको ठम्याइ छ ।

ज्यान जोगाउन त्यो पर्याप्त समय रहेको रमेशले बताउनुभयो । समय सदुपयोग भने आफ्नो कुरा पत्याउनेको हकमा मात्रै लागू भएको उहाँले अनुभव सुनाउनुभयो । अन्यत्रभन्दा भैँसेमा मानवीय क्षति कम भएको रमेशले बताउनुभयो । तर बाढीबाट ज्यान गुमाउनेको एकीन तथ्याङ्क उहाँसँग पनि छैन । "बाँचेकाहरूसँग पनि यसबीचमा थोरै जनासँग भेट भएको छ, अरु त को कता भागे अत्तोपत्तो छैन ।" रमेशले भैँसेमा झण्डै रु एक करोड लगानीमा घर बनाउनु भएको थियो । त्यसैमा खानाखाजाको पसल चलाउँदै आउनुभएको थियो । "अहिले व्यापारको याम हो, दैनिक रु २०-२५ हजारको कारोबार हुन्थ्यो", उहाँले भन्नुभयो, "यो यामको तीन-चार महिनाको कमाइले वर्षभरि खान, लगाउन र छोराछोरी पढाउन पुगेको थियो । झण्डै रु ४० लाख जति घर बनाउँदाको ऋण बाँकी नै थियो ।"

रमेशको जेठो छोरा काठमाडौँमा पढ्नुहुन्छ । अर्को छोरा भैँसेमा चण्डेश्वरी माविमा पढ्नुहुन्छ । विद्यालय गएको छोरालाई उहाँले झण्डै चार घण्टापछि मात्र भेट्टाउनुभयो । "स्कुलकै साथीहरू सँग भागेको रहेछ, बाढीले बगायो की भन्ने चिन्तामै थिएँ, पछि त सम्पर्कमा आयो", उहाँले भन्नुभयो । श्रीमतीले मोबाइल लिन घरभित्र पस्न खोजे पनि आफूले जान नदिँदा ज्यान जोगिएको रमेशले बताउनु भयो ।

वीरबहादुर र रमेशको परिवार पनि यतिबेला शोकमा डुबेको छ । उहाँहरूको परिवारको एक सदस्य तेराना तामाङलाई भने बाढीले बगायो । उहाँ त्रिशूली अस्पतालमा नर्स हुनुहुन्थ्यो । तर अघिल्लो राति उहाँ शोलेस्थित घर जानुभएको थियो ।

अर्को बिहान घरबाट अस्पताल पुग्नै पाउनुभएन । "सबै शोकमा छन्, एकले अर्कोलाई हेरेर चित्त बुझाउनु परिरहेको छ", रमेशले भन्नुभयो । यही भदौ १० गते भोटेकोशीमा बाढी गएपछि नुवाकोटको अति प्रभावित क्षेत्र भैँसेका १५० जना विस्थापितलाई नजिकैको सुरक्षित स्थानमा होलिडे सेन्टरमा राखिएको रमेशले बताउनुभयो । उहाँसहित छ परिवार भने भैँसेमाथिको गैरीखर्कमा आफन्त कहाँ आश्रय लिएर बसेको छ । सरकारले विस्थापितलाई राहत सामग्री उपलब्ध गराइरहेको उहाँले जानकारी दिनुभयो ।

"म दिनहुँ होलिडे सेन्टरमा गइरहन्छु, खानेकुराको कुनै कमी छैन, विभिन्न निकायले दैनिक राहत सामग्री दिइरहका छन्", रमेशले भन्नुभयो, "यसरी लामो समयसम्म बस्न सकिने अवस्था छैन, सरकारले उचित बसोबासको व्यवस्था गरिदिए हुन्थ्यो, पानी निरन्तर परिरहेकाले बास बस्नेलाई समस्या छ ।" बाढीका कारण विस्थापित भएकाहरू लाई मुख्यतया छोराछोरीको पढाइको चिन्ताले सताएको उहाँको भनाइ छ । बालबालिका, महिला, परिवारका सदस्य गुमाएका लगायत विस्थापित सबैलाई मनोपरामर्शको खाँचो देखिएको उहाँले बताउनुभयो ।

विदुर नगरपालिका-१० का वडाध्यक्ष गणेशकुमार नेपालले बाढीबाट आफ्नो वडा अत्यधिक प्रभावित भएको बताउनुभयो । उहाँका अनुसार सो वडामा बाढीबाट २५६ परिवारका एक हजार २०० जना प्रभावित भएका जानकारी दिनुभयो । उहाँका अनुसार बाढीमा परेर २३९ जना बेपत्ता भएका छन् । वडाध्यक्ष नेपालले विस्थापित भएकाहरूलाई गेल्फुटार स्थित सुन्दरीकेउरिनी माविमा राखिएको छ । बाढीमा परेर स्थानीय उत्तरगया बोर्डिङ स्कुलका अनु-मानित २०० विद्यार्थी बेपत्ता भएका उहाँले बताउनुभयो । उहाँका अनुसार बेपत्ताको तथ्याङ्क सङ्कलन भइरहेको छ ।

प्रभावित विद्यार्थीलाई नजिकका सुरक्षित विद्यालयमा पढ्न पठाउन उहाँहरूका अभिभावकलाई सुझाव दिइएको वडाध्यक्ष नेपालले बताउनुभयो । विदुर नगरपालिकाले बाढी विस्थापित प्रत्येक परिवारलाई तत्कालका लागि रु १० हजार उपलब्ध गराउने निर्णय गरेको उहाँले उल्लेख गर्नुभयो । विभिन्न सङ्घसंस्था तथा अन्य निकायले पनि आर्थिक सहयोग गरिरहनुभएको भन्दै उहाँले सबैप्रति आभार व्यक्त गर्नुभयो । सरकारले बसोबासका लागि उचित व्यवस्था नगर्दासम्म सो वडाका विस्थापितलाई सुरक्षित स्थानमा बसोबास गर्न सुझाव दिँदै वडाध्यक्ष नेपालले त्यसका लागि आर्थिक अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गनुभयो ।

## बाँकेमा प्रदेश सरकारद्वारा १५ पुल निर्माण

नेपालगञ्ज । लुम्बिनी प्रदेश सर कारले बाँके जिल्लामा सङ्घीयता कार्यान्वयन भएयता १५ वटा पक्की पुल निर्माण गरेको छ ।

पुल निर्माणसँगै ग्रामीण तथा दुर्गम क्षेत्रका हजारौँ स्थानीयवासीको आवागमन सहज भएको प्रदेश भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको सडक पूर्वाधार विकास कार्यालय, बाँकेले जनाएको छ । उक्त कार्यालयका प्रमुख चन्द्रबहादुर शाहका अनुसार निर्माण सम्पन्न बाहेक दुई वटा निर्माणाधीन पुल अन्तिम चरणमा छन् भने थप दुई वटा पुल निर्माणका लागि बहुवर्षीय ठेक्कासमेत आह्वान भइसकेको छ । उहाँका अनुसार बैजनाथ गाउँपालिका-६ स्थित जेठी नाला र कोहलपुर नगरपालिका-१३ को गेरुवा खोलामा पुल निर्माण भइरहेको छ ।

कार्यालयका अनुसार डुडुवा नाला, जेठी नाला, किरण नाला, गौरी नाला, गेरुवा नाला, गडगैचा नाला, गन्धैला नाला, दोन्द्रा नाला र रोहिणी खोलामा पुल निर्माण भएको छ । जेठी नालाअन्तर्गत चार वटा पुल निर्माण पूरा भइसकेको छ भने सोही क्षेत्रमा एचगाउँमा अर्को पक्की पुल निर्माणाधीन छ । यस अवधिमा खजुरा गाउँपालिका-२ सिगाउँस, खजुरा-४ चल्तुवा-सिर्जनाटोल तथा साइगाउँमा पक्की पुल निर्माण गरिएको छ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# मधेसका १५४ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त

जनकपुरधाम । मधेस प्रदेशका विभिन्न जिल्लामा वन अतिक्रमण नियन्त्रण अभियानले गति दिएको छ । गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका जिल्लामा १५४ दशमलव ५५ हेक्टर क्षेत्रफल वनक्षेत्र अतिक्रमण मुक्त गरिएको मधेस प्रदेश वन निर्देशनालय जनकपुर धामले जनाएको छ ।

वन निर्देशनालयका सूचना अधिकारी सजन चौधरीका सो अवधिमा सबैभन्दा बढी पर्सामा १२० हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ ।

त्यस्तै बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा तीन दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको हो । वन क्षेत्रको जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाएर ती क्षेत्रलाई पुनःवनको संरक्षण र व्यवस्थापनमा ल्याइएको सूचना अधिकारी चौधरीले बताउनुभयो । उहाँका अनुसार वन अतिक्रमण नियन्त्रणसँगै चोरी-तस्करी नियन्त्रण र वन संरक्षणमा कार्यालयले सक्रियता बढाएको छ । वन संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि प्रदेशका विभिन्न जिल्लामा गत आवमा ३२ लाख ३९ हजार ८१० बिरुवा उत्पादन गरी २६१ दशमलव ७७ हेक्टर क्षेत्रफल मा वृक्षरोपण गरिएको छ । जिल्लागत रूपमा सबैभन्दा बढी सर्लाहीमा आठ लाख ६३ हजार ९७०, सप्तरीमा पाँच लाख तीन हजार ६४०, सिरहामा चार लाख १५ हजार, धनुषामा चार लाख तीन हजार, महोत्तरीमा दुई लाख २० हजार, बारामा चार लाख ३४ हजार २०० र पर्सामा चार लाख बिरुवा उत्पादन गरिएको वन निर्देशनालय ले जनाएको छ ।

वृक्षरोपणतर्फ सप्तरीमा ९५ हेक्टर, धनुषामा ६६ दशमलव ५ हेक्टर, बारामा ४३ दशमलव ५३ हेक्टर, महोत्तरीमा २० हेक्टर, सिरहामा २६ हेक्टर, सर्लाहीमा आठ दशमलव ५ हेक्टर र पर्सामा दुई दशमलव २४ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको सूचना अधिकारी चौधरीले जानकारी दिनुभयो ।

चालु आर्थिक वर्षमा मधेस प्रदेशमा वन क्षेत्रबाट उल्लेख्य परिमाणमा काठ तथा दाउरा उत्पादन भएको छ । वन निर्देशनालय का अनुसार हालसम्म छ लाख ६५ हजार २७३ दशमलव २६ घनफिट काठ उत्पादन भएको छ । सबैभन्दा बढी सर्लाहीमा तीन लाख ५१ हजार ७५९ दशमलव ५ घनफिट काठ उत्पादन भएको छ । त्यस्तै सप्तरीमा ६५ हजार २९ दशमलव ४९, सिरहामा ६७ हजार ८७६ दशमलव ६७, धनुषामा सात हजार ६२३ दशमलव ७२, महोत्तरी मा ७८ हजार ५१६ दशमलव ९८ र बारामा ९४ हजार ४६६ दशमलव ९ घनफिट काठ उत्पादन भएको सूचना अधिकारी चौधरीले सो क्रममा बताउनुभयो । सोही अवधिमा एक हजार २५६ चट्टा दाउरा उत्पादन भएको छ । सप्तरीमा ३५ दशमलव ३६, सिरहामा २२ दशमलव ५७, धनुषामा सात दशमलव ३८, महोत्तरीमा १९६ दशमलव ८९, सर्लाहीमा ७५१ दशमलव ९५ र बारामा २४२ चट्टा दाउरा उत्पादन भएको जनाइएको छ । वन पैदावारको बिक्री वितरणतर्फ भने हालसम्म पाँच लाख तीन हजार ७९९ दशमलव २७ घनफिट काठ बिक्री वितरण गरिएको छ । काठ बिक्रीबाट प्रदेश सरकारलाई उल्लेख्य राजस्वसमेत प्राप्त भएको छ । काठ तथा दाउराको बिक्री, वन पैदावारको उपयोग र अन्य वनजन्य गतिविधि लगायतका शिर्षकबाट रु पाँच करोड ८५ लाख ५० हजार १९० राजस्व सङ्कलन भएको सूचना अधिकारी चौधरीले बताउनुभयो ।

वन निर्देशनालय का निर्देशक सुभाषचन्द्र दासले वन कर्मचारीको सक्रियताका कारण वन क्षेत्रलाई अतिक्रमणमुक्त बनाउन तथा वन चोरी-तस्करी नियन्त्रणमा सफलता मिलेको बताउनुभयो । वन संरक्षणसँगै अतिक्रमण नियन्त्रण, वृक्षरोपण र वन पैदावारको व्यवस्थित उपयोग लाई प्राथमिकता मा राखिएको उहाँले बताउनुभयो ।

# इन्द्रजात्रादेखि हनुमानढोका दरबार क्षेत्रका मन्दिरमा रात्रिकालीन बत्ती बालिने

काठमाडौँ । यस वर्षको इन्द्रजात्रादेखि हनुमानढोका दरबार क्षेत्रका प्रत्येक मन्दिरमा रात्रिकालीन बत्ती बाली झिलिमिली बनाइँदैछ । रात्रीकालीन बत्ती बाल्ने क्रम जैसीदेवलबाट सुरु गरिएको काठमाडौं महानगरपालिका, हनुमानढोका दरबार संरक्षण कार्यक्रमले जनाएको छ ।

विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रका ३२ वटा मन्दिरमा बत्ती जडान गरिसकिएको कार्यक्रमका लेखा अधिकृत सुन्दरकाजी थुयाजूले राससलाई जानकारी दिनुभयो । नमूनाका रूपमा जैसीदेवलमा पाँच महिना अघिदेखि रात्रिकालीन बत्ती बाल्न सुरु भइसकेको उहाँले बताउनुभयो ।

बत्तीको तार भूमिगत बनाउन भने पुरातत्व विभागले स्वीकृति नदिएको हनुमानढोका दरबार संरक्षण कार्यक्रमले जनाएको छ । इन्द्रजात्राका लागि वसन्तपुर दरबार क्षेत्रमा रङ्गेगन र साजसजावट सुरु भएको छ । यस वर्षको इन्द्रजात्रा असोज ९ गते परेको छ ।

# मातृ तथा नवजात धनुष्टंकार उन्मूलन कायम राखेकोमा नेपाललाई सम्मान

काठमाडौँ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) दक्षिण-पूर्वी एसिया क्षेत्रीय समितिले नेपाललाई एक दशकदेखि मातृ तथा नवजातमा धनुष्टङ्कार उन्मूलनको अवस्था कायम राखेकोमा सम्मान गरेको छ ।

डब्ल्यूएचओले बलियो राष्ट्रिय प्रतिबद्धता, गुणस्तरीय खोप सेवा तथा सुरक्षित प्रसूति अभ्यास मार्फत उक्त उपलब्धि कायम राखेको भन्दै समितिको ७९औँ बैठकमा नेपाललाई सम्मान गरिएको हो । धनुष्टङ्कार (टिटानस) ब्याक्टेरियाको सङ्क्रमणको कारण हुने एक गम्भीर रोग हो । टिमोर-लेस्टेको डिलीमा जारी बैठकमा नेपालबाट अतिरिक्त सचिव डा सङ्गीता कौशल मिश्राको नेतृत्वमा तीन सदस्यीय प्रतिनिधि मण्डल सहभागी छ ।

डब्ल्यूएचओका महानिर्देशक डा टेड्रोस एडहानोम गेब्रेयससले नेपालका प्रतिनिधिमण्डल प्रमुख डा मिश्रालाई सम्मानपत्र हस्तान्तरण गर्नुभएको मन्त्रालयले जनाएको छ ।

सम्मानपत्रमा नेपालको उपलब्धिले दक्षिण-पूर्वी एसिया क्षेत्रमा मातृ तथा नवजात धनुष्टङ्कार उन्मूलन कायम राख्ने सामूहिक प्रयासमा महत्वपूर्ण योगदान पुर्याएको उल्लेख छ ।

# नुवाकोटमा हैजाविरुद्धको खोप

काठमाडौँ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले बाढी प्रभावित क्षेत्रमा हैजा सङ्क्रमणविरुद्धका खोप त्यसतर्फ पठाएको छ ।

मंगलबार नुवाकोटका लागि ८० हजार ५२३ डोज (२३ बक्स) हैजाविरुद्धको खोपसहित १० थान फ्रिज-फ्री भ्याक्सिन क्यारियर, ०.६ लिटर क्षमताका २२० थान आइस प्याक र ८ थान फ्रिज ट्याग पठाएको छ । रसुवामा आइतबार हेलिकप्टरमार्फत २१ हजार डोज खोप पठाइसकिएको छ । साथै रसुवामा खोप अभियान यही बिहीबारदेखि हैजाविरुद्धको खोप अभियान सञ्चालन हुँदैछ । बाढीका कारण खानेपानी तथा सरसफाइ प्रणाली प्रभावित हुँदा हैजा तथा अन्य पानीजन्य रोगको जोखिम बढ्न सक्ने भएकाले प्रभावित क्षेत्रमा सङ्क्रमण रोकथामलाई प्राथमिकता मा राखेर खोप अभियान सञ्चालन गर्न लागिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

# सडक विस्तारसँगै सवारी चाप उच्च

दमौली । पृथ्वीराजमार्गले देशका ठूला सहर जोड्ने भएकाले तनहुँ हुँदै दैनिक हजारौं सवारीसाधन ओहोरदोहोर गर्छन् । पछिल्ला तीन आर्थिक वर्षको तथ्याङ्क हेर्दा जिल्लामा सडक दुर्घटनाको ग्राफ लगातार उकालो लागेको छ । दुर्घटनाको सङ्ख्या मात्र होइन, त्यसले निम्त्याएको मानवीय क्षति पनि उत्तिकै गम्भीर छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक प्रदीप थापाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा ७८ वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा ५७ जनाले ज्यान गुमाएका छन् भने ६५ जना गम्भीर र ४७ जना सामान्य घाइते भएका छन् ।

त्यसअघिको आर्थिक वर्ष २०८१/८२ मा ६२ दुर्घटनामा ६२ जनाको मृत्यु भएको थियो । ७६ जना गम्भीर र ४३ जना सामान्य घाइते भएका थिए । आर्थिक वर्ष २०८०/८१ मा ३९ दुर्घटनामा २२ जनाको मृत्यु, ५० जना गम्भीर र ५१ जना सामान्य घाइते भएका थिए । तथ्याङ्कले देखाउँछ कि दुई वर्षको अवधिमा दुर्घटनाको सङ्ख्या ३९ बाट बढेर ७८ पुगेको छ । अर्थात् दुर्घटना शतप्रतिशतले बढेको छ । यद्यपि गत आर्थिक वर्षमा दुर्घटनाको सङ्ख्या बढे पनि मृत्यु हुनेको सङ्ख्या अघिल्लो वर्षको तुलनामा केही घटेको छ ।

तीन आर्थिक वर्षमा जिल्लाभर एक सय ७९ वटा दुर्घटना भएका छन् । ती दुर्घटनामा एक सय ४१ जनाको मृत्यु, एक सय ९१ जना गम्भीर र एक सय ४१ जना सामान्य घाइते भएका छन् । किन बढ्दै छन् दुर्घटना ? प्रहरीका अनुसार अधिकांश दुर्घटना पृथ्वीराजमार्ग र जिल्लाका भित्री सडकखण्डमा भएका हुन् । मुग्लिन पोखरा सडकखण्डअन्तर्गत पृथ्वीराजमार्गको तनहुँ खण्ड चार लेनमा विस्तार भएको छ । सडक राम्रो बनेसँगै तीव्र गतिमा सवारी चलाउँदा दुर्घटना बढेको प्रहरीको निष्कर्ष छ ।

# हेटौँडामा पाइने चरा एउटै पुस्तकमा

बागमती । हेटौँडा उपमहानगर पालिका क्षेत्रमा पाइने चराको सचित्र वर्णन गरिएको पुस्तक बजारमा आएको छ । उपमहानगर पालिकाले प्रकाशन गरेको पुस्तकको लेखन तथा सम्पादन लामो समयदेखि चरामा अध्ययन एवम् अनुसन्धान गरिहनुभएका दृष्टान्त विडारीले गर्नुभएको हो ।

विगत छ/सात वर्ष यताको तथ्याङ्कलाई पुस्तकमा समेटिएको बताउँदै लेखक तथा सम्पादक विडारीले हेटौँडा क्षेत्रमा पाइने ३६४ प्रजातिका चरालाई पुस्तकमा सचित्र प्रस्तुत गरिएको जानकारी दिनुभयो ।

"मौसम अनुसार पाइने चरा, तिनीहरूको सङ्ख्यालगायतको विवरणलाई पुस्तकमा समेटिएको छ" उहाँले भन्नुभयो, "नेपालमा पाइने ९०४ प्रजातिका चरामध्ये ३६४ प्रजातिका चरा हेटौँडा क्षेत्रमा नै पाइएको छ ।" कुल १६० पृष्ठमा समेटिएको यो पुस्तक चराको अध्ययन, अनुसन्धानमा लाग्नेका लागि पनि बहुउपयोगी हुने विश्वास लिइएको उहाँले बताउनुभयो । पुस्तकमा लेखक/ सम्पादक विडारीका साथै अम्सिस पन्त, निशान शर्मा, दशरथ श्रेष्ठ, प्रसन श्रेष्ठ र दीपक बुढाथोकीले खिच्नुभएका तस्बिर रहेका छन् । हेटौँडा जलसम्पदाले पनि सम्पन्न क्षेत्र हो । यहाँका राप्ती खोला, कर्रा खोलाका साथै बनविज्ञान क्याम्पस को जङ्गल, हटिया, हर्नामाडी का साथै मत्स्य विकास अनुसन्धान केन्द्रका भू-भाग पर्याप्त चरा पाइने गन्तव्यका रूपमा रहेको उहाँको भनाइ छ । अध्येताका अनुसार हेटौँडाबाट पूर्वतर्फ जाने मेनरोडसँगै रहेको वन विज्ञान अध्ययन संस्थानको जङ्गलभित्र मात्रै १५० भन्दा बढीको प्रजातिका चरा रहेका छन् । पर्याप्त जलाशयका कारण हेटौँडा र आसपासका क्षेत्र चराचुरुङ्गीको रोजाइमा पर्ने गरेको बताउँदै विडारीले पछिल्ला वर्षमा चरा अवलोकन गर्न आउनेको सङ्ख्या पनि बढ्दै गएको बताउनुभयो । चरा विज्ञ मनशान्त घिमिरेका अनुसार नेपालमा आउने विदेशी पर्यटकमध्ये आठ प्रतिशत पर्यटक चरा हेर्नकै लागि आउने गरेका छन् । चरा पर्यटनको विकास गर्न सकेमा नेपालमा विदेशी पर्यटकको आगमनलाई बढाउन सकिने उहाँले बताउनुभयो ।

चराहरूको 'ट्रान्जिट प्वाइन्ट' हेटौँडा

अध्ययन अनुसार विशेषतः जाडो छल्न चीन, मङ्गोलिया, साइबेरियालगायतका स्थानबाट जाडोका समयमा आउने चरा हेटौँडा हुँदै चितवन, नारायणीका साथै भारतका विभिन्न भू-भागमा पुग्ने गरेका छन् ।

"हेटौँडा हिउँदमा आउने पाहुना चरा आउँदा र जाँदा एक दुई दिन बिताउने ट्रान्जिट प्वाइन्ट पनि हो", उहाँले भन्नुभयो, "चरा विशेषत खराब मौसम आदिका कारण यहाँ सामान्यतः एक/दुई दिन आराम गरेर चितवन, नारायणी हुँदै भारतसम्म पुग्ने गरेको पाइन्छ ।"

पाहुना चरा जाँदाजस्तै फर्कँदा पनि यहाँ एक/दुई दिन बिताएर साइबेरिया, मङ्गोलियातर्फ फर्कने गरेको उहाँले बताउनुभयो । जलाशयसँगै वरपर चुरे क्षेत्रको जङ्गल भएका कारण पनि यो क्षेत्र चराको रोजाइमा पर्ने गरेको छ । पछिल्ला समयमा सिमसार र आसपासका क्षेत्रमा विचरण तथा प्रजनन् गर्ने चराका प्रजाति वातावरण प्रदूषण एवम् सिमसारमा हुने गरेको अतिक्रमणका कारण सङ्कटमा परेको पाइन्छ । वरपरका चुरे पहाडसँगै आसपासका हरियाली युक्त डाँडाकाँडा, खोलानालाका साथै समथर भू-भागसमेतले हेटौँडा पहाडी तथा तराई दुवै क्षेत्रमा पाइने चराको गन्तव्य हो । जाडो याममा आउने हिउँदे चराका साथै यहाँका नदीनाला एवम् मत्य अनुसन्धान केन्द्रमा रहने जलपंछीका कारण यो चरा पर्यटनको राम्रै गन्तव्य बन्न सक्ने विडारीको भनाइ छ ।

उहाँका अनुसार हेटौँडाको चौकी टोल पछि रहेको राप्ती नदी किनारा क्षेत्रमा देशका अन्य भूभागमा विरलै पाइने तिलहरी चरा समेत पाउने गरिएको छ । विगत केही वर्ष अघि वस्तीपुरदेखि चितवनसम्म नै यो चरा पाउने गरिएकोमा पछिल्ला वर्षमा क्रसर उद्योगका कारण ती क्षेत्रमा यी चरा पाउन छोडिएको उहाँले बताउनुभयो । तिलहरी चराले बगेको सफा पानी भएको खोलामा ढुंगा र ग्राभेलको तल बस्ने साना किरा र त्यसका लार्भा खाने बताउँदै उहाँले खोलाको पानी प्रदुषित नभएका स्थानमा मात्र यो चरा पाउन सकिने बताउनुभयो । तिलहरी चरा हेर्नका लागि विदेशी पर्यटकहरू समेत हेटौँडा आउने गरेको उहाँको भनाइ छ । हेटौँडालाई चरा पर्यटनको गन्तव्यका रूपमा विकास गर्न सकिने हिमालयन राइडर्स सोसाइटी, हेटौँडाका अध्यक्ष राजुथापा मगर बताउनुहुन्छ ।

हेटौँडालाई चरा पर्यटनको गन्तव्यका रूपमा विकास गर्नका लागि यस क्षेत्रका जलसम्पदा को संरक्षणका साथै चराको वासस्थान संरक्षणका लागि सबैको एकतावद्ध प्रयास आवश्यक रहेको उहाँले बताउनुभयो । "हामी साइक्लिङका माध्यमबाट स्वास्थ्य, पर्यटन, पर्यावरणको विकास गर्ने अभियान अन्तर्गत हेटौँडा र आसपासका विभिन्न गन्तव्यमा पुग्ने गरेका छौँ", उहाँले भन्नुभयो, "पर्याप्त सङ्ख्यामा चरा पाइने आसपासका गन्तव्यमा चराको संरक्षणसँगै चरा पर्यटनको विकास पनि अपरिहार्य देखिन्छ ।" पर्यावरण जोगाउन चराचरको वासस्थान संरक्षण गर्नु अपरिहार्य भएको बताउँदै उहाँले त्यसका लागि जलसम्पदाको संरक्षण एवम् वृक्षरोपणमा जोड दिनुपर्ने धारणा राख्नुभयो ।

# भोटेकोशी बाढीप्रभावितलाई कारागारका कैदीबन्दीद्वारा सहयोग

चितवन, २३ भदौः यहाँको कारागार रहेका कैदीबन्दीले भोटेकोशी बाढीप्रभावितलाई सहयोग गरेका छन् । कैदीबन्दीले आर्थिक सङ्कलन र श्रमदान गरी प्रभावित परिवारलाई बन्दोबस्तीका सामान सहयोग गरेका हुन् ।



सामान खरिद गरी डसना र सिरानी कारागार परिसरमानै बनाइएको सो अवसरमा जानकारी दिइयो ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालयलाई सोमबार कारागार परिसरभित्र उनीहरुले ती सामग्री हस्तान्तरण गरेका हुन् । उनीहरुले डसना, ब्लाङ्केट, तन्ना, सिरानी, सिरानीको खोल, गम्छा, नङ्कटर, साबुन, दाँत माझ्ने ब्रस, मन्जन र काहियो १२५ सेटका दरले उपलब्ध गराएका हुन् । कैदीबन्दीले रु १०० देखि रु दुई हजारसम्म नगद र श्रम दानगरी ती सामाग्री उपलब्ध गराइएको हो । रु तीन लाख ६७ हजार ३६ बराबरको

प्रमुख जिल्ला अधिकारी अर्यालले कारागार जीवन बिताइ रहेकाबाट गरिएको यो सहयोग उदाहारणीय र नमूना किसिमको भएको बताउनुभयो । कारागारमा हाल ७५० जना कैदीबन्दी रहेका छन् । जसमध्ये ७०८ जना पुरुष र ४२ जना महिला छन् ।

# कांग्रेस १५ औं महाधिवेशनः वडा अधिवेशन असोज ३ देखि सुरु हुने

काठमाडौँ । नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गतको वडा अधिवेशन आगामी असोज ३ गतेदेखि सुरु हुने भएको छ । कांग्रेसले यसअघि भदौ २४ गतेदेखि सुरु गर्ने भनेको वडा अधिवेशन रसुवाको भोटेकोशीमा आएको बाढीका कारण केही पर धकेलिएको हो ।

कांग्रेस निर्वाचन समितिका संयोजक प्रेमबहादुर खड्काले आज प्रेस विज्ञप्ति जारी गरी वडा अधिवेशन असोज ३ र ४ गते गर्न लागिएको जानकारी दिनुभयो । उक्त दिन देशभरका छ हजार ७४३ वडामा अधिवेशन हुनुका साथै क्षेत्रीय प्रतिनिधिको चयन हुनेछ ।

आगामी असोज ७ गते गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगर पालिकाको अधिवेशन हुनेछ भने असोज १० गते प्रदेशसभा क्षेत्रीय अधिवेशन, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन सम्पन्न हुने कार्यतालिका रहेको संयोजक खड्काले जानकारी दिनुभयो ।

केन्द्रीय महाधिवेशन भने असोज १६ देखि १९ गतेसम्म काठमाडौँमा हुनेछ । संयोजक खड्काका अनुसार बाढी प्रभावित रसुवा, नुवाकोट र धादिङ जिल्लाको हकमा तोकिएको निर्वाचन अधिकृत र पार्टीको स्थानीय तहको समन्वयमा अधिवेशन सम्पन्न गरिनेछ ।

अहिलेसम्म कांग्रेस निकट नेपाली जनसम्पर्क समितिको बाँकी रहेका देशको अधिवेशन आगामी असोज १० गतेभित्र सम्पन्न गर्ने कार्यतालिका छ । जिल्ला अधिवेशन र प्रदेश अधिवेशनको समय तालिका दोस्रो चरणमा प्रकाशित गरिने संयोजक खड्काले बताउनुभयो ।

# राहत रकम दाखिला गर्ने दाताहरु बढ्दै

काठमाडौँ । भोटेकोशी बाढी पीडितको राहत, उद्धार तथा पुनःस्थापना गर्न प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा रकम दाखिला गर्ने दाताहरुको सङ्ख्या बढ्दै गएको छ । नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले अर्थमन्त्री डा वाग्ले मार्फत रु ५० लाख प्रधानमन्त्री दैविप्रकोप राहत कोषमा जम्मा गरेको छ। उक्त रकम नाइमाकी अध्यक्ष ऋतुसिंह वैद्यले मंगलबार (हिजो) अर्थमन्त्रीलाई प्रदान गर्नुभएको हो ।

सहयोग कार्यक्रममा नाइमाका बोर्ड सदस्यद्वय यमुना श्रेष्ठ र हेमन्त गोल्छा, कार्यकारी निर्देशक राजकुमार दुलाललगायत को सहभागिता थियो । नेपाल भलिबल लिग (एनभिएल) ले पहिलो दिनको टिकट बिक्रीबाट जम्मा भएको रु पाँच लाख ९० हजार १५० राहत कोषमा दाखिला गरेको छ ।

भोजपुरः हतुवागढी गाउँ पालिकाले रु २४ लाख ५३ हजार ५०४ प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरेको छ। पालिकाले उक्त रकम जनप्रतिनिधि, कर्मचारी तथा स्वास्थ्य कर्मीको मासिक तलबबाट सङ्कलन गरी जम्मा गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले जानकारी दिनुभयो ।

चितवनः कालिका नगर पालिका र इच्छाकामना गाउँ पालिकाले रु ४६ लाख राहत कोषमा जम्मा गरेका छन् । पालिकाले उक्त रकम जनप्रतिनिधि, कर्मचारी तथा स्वास्थ्यकर्मीको मासिक तलबबाट सङ्कलन गरी जम्मा गरिएको इच्छाकामना गाउँपालिकाका प्रमुख विनोद रेग्मीले जानकारी दिनुभयो । गाउँपालिकाले भोटेकोशी बाढीमा परी बेपत्ता भएका परिवारको खोजीका लागि थप जनही रु २५ हजार सहयोग गर्नेभएको छ । पालिकाले आफ्नो पालिकामा स्थायी बसोबास भई भोटेकोशी नदीको बाढीमा परी बेपत्ता भएकाको खोजीका लागि सहयोग गर्न लागेको हो । चितवनका ७५० कैदीबन्दीले भोटेकोशी बाढीबाट प्रभावित १२५ परिवारलाई रु तीन लाख ६७ हजार ३६ बराबरको वन्दो बस्तीका सामान खरिद गरी सहयोग गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई सोमबार कारागार परिसरभित्र बन्दीहरुले उक्त सामाग्री हस्तान्तरण गरेका हुन । उहाँहरुले डसना, ब्लाङ्केट, तन्ना, सिरानी, सिरानीको खोल, गम्छा, नङ्कटर, साबुन, ब्रस, मञ्जन र काहियो उपलब्ध गराएका छन् ।

वीरगञ्जः पर्सा जिल्लाका दुई मेडिकल कलेजले संयुक्त रुपमा रु ७५ लाख राहत कोषमा दाखिला गरेका छन् । नेशनल मेडिकल कलेज वीरगञ्ज र नेपाल मेडिकल कलेज, काठमाडौँले उक्त रकम जम्मा गरेको नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक शाहनवाज अन्सारीले जानकारी दिनुभयो । वीरगञ्ज सुनचाँदी व्यवसायी तथा समाजसेवी नीरज सर्राफले रु दुई लाख ५१ हजार राहत कोषमा दाखिला गरेका छन् । साउथ जोन माध्यमिक विद्यालयले रु एक लाख ५५ हजार ५५३ कोषमा जम्मा गरेका छन् । उक्त रकम सो विद्यालयमा पढ्ने विद्यार्थी, अभिभावक तथा कर्मचारी एवं शिक्षकको स्वेच्छिक सहयोगबाट सङ्कलन गरिएको हो ।

यहाँका विभिन्न क्लबले जम्मा गरेका रु ९५ हजार ७८३ कोषमा जम्मा गरिएको छ ।

हुम्लाः बाढीपीडितको राहतका लागि हेड नेपाल, हुम्लाले रु ५१ हजार १११ राहत कोषमा दाखिला गरेको हेड नेपाल, हुम्लाका प्रमुख छिटुप लामाले बताउनुभयो । उक्त रकम जिल्ला प्रशासन कार्यालय, हुम्लामार्फत औपचारिक रूपमा कोषमा हस्तान्तरण गरिएको हो । बागलुङः काठेखोला गाउँ पालिकाको समन्वयमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु छ लाख एक हजार २७५ कोषमा दाखिला भएको छ। बिहुँकोट समाजले रु पाँच लाख तथा काठेखोला गाउँ पालिका-२ भीमा पोखराका जनप्रतिनिधि, स्थानीय आमा समूह, वन उपभोक्ता समिति, सामुदायिक समूह तथा समाजसेवी बाट रु एक लाख एक हजार २७५ गरी कूल छ लाख एक हजार २७५ कोषमा दाखिला गरिएको गाउँपालिका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो ।

# भोटेकोशी बाढीका कारण गल्लाङका किसान थप चिन्तित

रसुवा । रसुवामा गएको बाढीले सडक सञ्जाल बगाएपछि गल्लाङ का बन्दागोभी किसान चिन्तित भएका छन् । विभिन्न प्रजातिका तरकारीको व्यावसायिक खेती गर्दै आएका आमाछोदिङमो गाउँ पालिका-व ३ गल्लाङका करिब ५०० घरधुरीका किसानलाई सडक सञ्जालको अभावमा तयार हुनलागेको बन्दागोभी बेच्न नपाइएलाकी भन्ने चिन्ताले सताएको अग्रज कृषक मार लामाले जानकारी दिनुभयो ।

उहाँका अनुसार नमूना वस्तीका रूपमा परिचित गल्लाङमा गतवर्ष एक हजार ६५० ट्रक बन्दागोभी बिक्री भएकामा यसवर्ष बढी दुई हजार १०० टन उत्पादन अनुमान गरिएको छ ।

बन्दागोभी उत्पादनका लागि प्रख्यात सो तामाङ वस्तीको आयआर्जनको स्रोत तरकारी खेती रहेको बताउँदै उहाँले भन्नुभयो, "अबको १५-२० दिनभित्र फसल तयार हुन्छ ।

त्यो बेलासम्म बाटो तयार हुँदैनकी भन्ने चिन्तामा छौँ । बन्दागोभी बेच्न नपाए हातमुख जोड्न गाह्रो छ। बाटो निर्माणतर्फ सरकारको ध्यान जाओस् ।"

आमाछोदिङमो गाउँ पालिकाका उपाध्यक्ष चण्डीका तामाङले प्रकृतिले ठगेको रसुवा जिल्लाको उर्वर भूमि गल्लाङमा यस वर्ष बन्दागोभी खेती लोभलाग्दो रहेको बताउँदै बाटो अभावका कारण समयमै फसल बजारसम्म पुर्याउन नसक्दा भौके बस्न पर्नेहोकी भनी चिन्ता व्यक्त गर्नुभयो । उहाँले खाद्यन्न मात्र नभइ नुन-तेल, मरमसला, शिक्षा-स्वास्थ्य, बैङ्क कर्जालगायत सम्पूर्ण आर्थिक कारोबारको स्रोत रहेको गल्लाङको बन्दागोभी बिकेन भने बाढीसँगै अर्को विपत्तिको सामना गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । सरकारले यो विषयमा चाडै सोच्नुपर्ने भन्दै गम्भीर बन्न आग्रह गर्नुभयो ।

# कोरला नाकाबाट भित्रिए १० कन्टेनर फलफूल

मुस्ताङ । उत्तरी कोरला नाकाबाट फलफूल बोकेको १० कन्टेनर भन्सारमा चेक जाँच गरी क्रमशः नेपाल भित्रिन थालेका छन् ।

भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनासकारी बाढीपछि रसुवा-केरुङ नाका बन्द भएपछि त्यहाँबाट पैठारी गरिने फलफूल कोरला नाकातर्फ फर्काउन थालिएको हो । केरुङ नाकाबाट फिर्ता आएका फलफूल का कन्टेनर कोरला नाकास्थित लिजीमा आइपुगेपछि नेपाली कन्टेनरले त्यहाँ पुर्याइएका फलफूल पल्टी गरी नेपाल भित्र्याउन थालेका हुन् । मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालका अनुसार कोरला नाकाबाट पहिलो पटक फलफूल नेपाल भित्रिन थालेको जानकारी दिनुभयो । आइतबार र सोमबार गरी दुई दिनमा कोरला नाकाबाट नेपाल भित्रिएका १० कन्टेनरको पैठारी भन्सार जाँचपास भई नेपालतर्फ आइरेका छन् ।

रसुवागढी-केरुङ नाका र तातोपानी नाका पूर्णरुपमा बन्द भएपछि कोरला नाकाबाट कतिको सङ्ख्यामा केन्टेनर फर्काइएको हो, एकीन भइसकेको छैन । कोरला नाकास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको प्लान क्वारेन्टाइन कार्यालय का प्रतिनिधि बन्दना घर्तीमगरका अनुसार चीनबाट कोरला नाका हुँदै दुई दिनमा ड्रागन फुड नौ हजार ४५० केजी, आँप १५ हजार ४०० किलोग्राम, स्याउ सतासी हजार किलोग्राम, नासपाती २६ हजार १०० किलोग्राम र एभोकाडो (घीउ फल) आठ हजार किलोग्राम फलफूलको क्वारेन्टाइन कन्साइनमेन्ट चेकजाँच गरिएको बताउनुभयो ।

केरुङबाट फर्काइएका फलफूलमध्ये ठूलो परिमाणमा स्याउ नेपाल भित्रिएको हो । कार्यालयमा फलफूल जन्य पदार्थको वैकल्पिक पैठारी गर्ने सुविधा छ । फलफूल परीक्षण गर्ने उपकरणको व्यवस्था भने अझै हुन सकेको छैन । साठीको दशकमा स्थापना भएको नेपाल-चीन उत्तरी कोरलास्थित प्लान क्वारेन्टाइन पहिलो पटक सञ्चालनमा आएको हो । उत्तर तर्फको केरुङ नाका र तातोपानी नाका बन्द भएपछि भन्सार विभाग र व्यवसायीको समन्वयमा त्यहाँ रोकिएका फलफूल कन्टेनर कोरलानाकातर्फ फर्काइएको हो । फिर्ता आएका फलफूल पैठारीका लागि भन्सार विभागको समन्वयमा प्लान क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले दुई जना वरिष्ठ बाली संरक्षण अधिकृतलाई लोमान्थाङस्थित क्वारेन्टाइन कार्यालयमा खटाइसकेको छ ।

केरुङ नाकाबाट फिर्ता पठाएका कन्टेनर पैठारीकर्ता, निकासीकर्ता, भन्सार एजेन्ट, तथा सरोकारवाला सबैले प्रक्रिया पुर्याउन पर्नेछ । टिमुरे, रसुवा तथा तातोपानी नाका सिन्धुपाल्चोकका लागि निर्धारित कन्साइनमेन्टलाई वैकल्पिक नाकातर्फ पठाउनु अघि 'विरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४' को पालना गर्नुपर्ने छ । नियम तथा प्रचलित कानुन प्रवेश अनुमति, फाइटोस्यानिटरी शर्त तथा अन्य प्रक्रियाको पालना भए नभएको एकीन गर्न आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन गरिएको छ ।

# क्यान्सरमुक्त महानगरको लक्ष्यमा कामपा

काठमाडौँ । काठमाडौँ महानगर पालिकाले महिलामा हुने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र स्त्रीरोगको निःशुल्क परीक्षण गराउने भएको छ ।

कामपा-२७ ले आउँदो असोज १७ गते शनिबार महिलामा हुने ती विषयको रोगको निःशुल्क स्वास्थ्य जाँच गराउन लागेको हो । उक्त वडाले निःशुल्क स्वास्थ्य शिविरका लागि निजामती कर्मचारी अस्पतालसँग सम्झौतासमेत गरिसकेको छ ।

उक्त वडाले 'वडाको अग्रसरतामा क्यान्सरमुक्त टोल, क्यान्सरमुक्त समुदाय तथा क्यान्सरमुक्त वडा' भन्ने कार्यक्रम अघि सारेको छ। उक्त कार्यक्रमलाई महानगरपालिकाले क्रमशः सबै वडामा विस्तार गर्ने सोच अघि बढाएको जानकारी दिँदै सम्झौता पछि कार्यवाहक प्रमुख सुनिता डङ्गोलले भन्नुभयो, "पछिल्लो समय महिलामा स्वास्थ्य समस्याका रुपमा रहेको क्यान्सरको लक्षण नदेखिँदै रोगको सम्भावना पहिचान गर्न खोजिरहेका छौँ ।"

विभिन्न अभियान र कार्यक्रममार्फत नगरवासीलाई रोग लाग्नु अगाडि नै सतर्कता अपनाउन आग्रह गरिएको जनाउँदै उहाँले खासगरी सहरभित्रका वडाका स्थानीयमा रोग लाग्नु पूर्वजाँच गर्न जाने परम्परा नदेखिएकाले उनीहरुलाई टोलमै पुगेर सेवा दिने उद्देश्यले शिविर सञ्चालन गर्न लागिएको बताउनुभयो ।

वडाध्यक्ष योगेश खड्गीले घर दैलोमै सञ्चालन हुने शिविरबाट धेरै महिलाले लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो । अस्पताल का कार्यकारी निर्देशक डा जितेन्द्र परियारले शिविरमा परीक्षणका क्रममा केहीलाई जटिल खालको समस्या देखिएमा अस्पतालले उपचारमा सहजीकरणका लागि सहयोग पुऱ्याउने बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रारम्भिक जाँचका क्रममा कुनै जटिल समस्या देखिएमा चिकित्सकको सल्लाह बमोजिम थप परीक्षण आवश्यक परेमा वडाको सिफारिसमा निजामती अस्पतालमा क्यान्सर हुनु पूर्वको परिवर्तन थाहा पाउन अल्ट्रासाउण्ड र मेमोग्रामलगायतको परीक्षण गराउन सकिने छ ।"

यसअघि पनि कामपाले क्यान्सर रोग परीक्षणका लागि एक महिने अवधिको शिविर सञ्चालन गरेको थियो ।

# चेपाङ समुदायले घरघरमै मनाए न्वागी

नारायणगढ । चेपाङ समुदायल यसवर्ष छोनाम (न्वागी) घरघरमै मनाएका छन् ।

भोटेकोशी बाढी पहिरोका कारण देशलाई पीडा परेको भन्दै सो समुदायले आ-आफ्नो घरमा गच्छेअनुसार चाड मनाए । विगतका वर्षहरुमा भने न्वागी सामूहिक रुपमा एकजुट भएर मनाइन्थ्यो । चेपाङ समुदायले न्वागीलाई आफ्नो प्रमुख सांस्कृतिक तथा धार्मिक पर्व मान्दै आएको छ । हरेक वर्ष भदौ २२ गते विशेष रूपमा मनाइने न्वागी यस वर्ष तडकभडक र औपचारिक कार्यक्रम नगरी परिवार र आफन्तबीच परम्परागत विधि अनुसार मनाइएको नेपाल चेपाङ सङ्घले जनाएको छ ।

सङ्घका केन्द्रीय अध्यक्ष गोविन्दराम चेपाङले विगतका वर्षमा सामूहिक न्वागी मनाइने गरे पनि यस वर्ष देशको अवस्थालाई ध्यानमा राख्दै औपचारिक कार्यक्रमको आयोजना नगरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "तडकभडक नगरी यसवर्ष न्वागी आ-आफ्नो घरमा मनायौं । देशमा भएको घटनाले गर्दा हामीले सामूहिक कार्यक्रम गरेनौं ।"

उहाँका अनुसार न्वागीको धार्मिक तथा सांस्कृतिक विधि भने घरघरमै निरन्तरता दिइएको हो । चेपाङ समुदायका लागि भदौ महिना विशेष मानिने र भदौभरि नै आफ्नो अनुकूल समयमा न्वागी मनाउने चलन छ ।

यो समुदायमा नयाँ अन्नबाली र फलफूल पाक्न थालेपछि प्रकृति, भूमि र पितृलाई चढाएर मात्र उपभोग गर्ने परम्परासँग न्वागी जोडिएको छ । पाखापखेरामा लगाइएका मकै, घैया धानलगायत नयाँ अन्नबाली तथा विभिन्न फलफूल पाक्ने यही समयमा घरघरमा धार्मिक तथा सांस्कृतिक विधि सुरु हुने गर्छन् ।

न्वागीको अघिल्लो रात चेपाङ समुदायका झाँक्री (पान्दे) ले फलाक्ने, जाग्राम बसेर पूजा गर्ने, पितृको स्मरण गर्ने र पितृ बोलाउने परम्परा छ । त्यसपछि नयाँ उब्जनी भएका अन्न तथा फलफूल पितृ र देवतालाई चढाइन्छ । पूजापछि पान्देले आशीर्वाद दिने चलन छ ।

न्वागीमा घैया आवश्यक पर्ने र त्यसबाहेक गाभा, पिँडालु, घिरौँला, निबुवा, कागतीलगायत नयाँ उब्जनी भएका फलफूल तथा तरकारी चढाइने गरिन्छ । नयाँ पुस्तामा न्वागीको महत्व क्रमशः घट्दै गएको र समुदायभित्र धर्म परिवर्तनका कारण मौलिक धर्म र संस्कृति लोप हुने अवस्था देखिन थालेको भन्दै समुदाय एकजुट भएर आफ्नो धर्म, संस्कृति र परम्परा जोगाउनुपर्नेमा जोड दिनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५१०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com